नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७९/०३/२०

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय अपचलनसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा मिति २०७९/०३/२० गते दायर गरिएको ।

## १. अभियुक्तको विवरणः

- कुश्मा-१, पर्वत स्थायी वतन भई हाल काठमाडौं-२२ सामाखुशी बस्ने गणेश पौडेल ।

## २. कसूरको संक्षिप्त विवरणः

प्रतिवादीलाई विदेशबाट अनौंपचारीक माध्यमबाट ठूलो परिमाणको रकम प्राप्त भई नेपालमा विभिन्न व्यक्तिहरूलाई रकम भुक्तानी दिएको देखिएबाट निजले एकाघरका वा आफन्तको मात्र रकम प्राप्त नगरी आर्थिक लाभ लिने प्रयोजनका लागि व्यवसायकै रुपमै अपनाएको देखिएको, प्रतिवादीले विदेशमा विदेशी मुद्रा भुक्तानी लिई सोही बरावरको रकम निजले नेपाल तर्फको भुक्तानी फरफारक (Payment settlement) गरेको देखिएको, प्रतिवादीले बिदेशी विनिमय कारोवार गर्न ईजाजतपत्र लिएको नदेखिएको समेतका आधार प्रमाणहरुबाट प्रतिवादी गणेश पौडेलले बिदेशी विनिमय कारोवार गर्न ईजाजतपत्र नलिई विदेशी विनिमय अपचलन गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३,४ र ९ग विपरितको कसूर गरेको।

## ३. कायम भएको बिगो र सजायको मागदावीः

- प्रतिवादी गणेश पौडेललाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, ४ र ९ग विपरितको कसूरमा जम्मा विगो रु. ८,२३,२६,८०६।- (आठ करोड तेइस लाख छव्वीस हजार आठ सय छ रुपैयाँ) कायम गरी सोही ऐनको दफा १७(१) र दफा १९(९) वमोजिम सजाय गरी पाउन मागदावी लिई अभियोगपत्र दायर गरिएको ।

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग


कन्ट्रोल रुम ५०१००८५, एक्सचेञ्ज ५०१०१०६, ५०१००५७, फ्याक्स ५५४२०२३, टोल फ्री नम्बर १६६०-०१-५५०००,
ईमेल- info@dri.gov.np, वेभसाईट- www.dri.gov.np